# गोलाबारूदको भन्दा अधिकारको लडाइँ गाह्रो

म केसबहादुर पुन(तिलिजा), मेरो जन्म २००८ साल वैसाख १८गते, म्याग्दी जिल्लाको सिख गाविस पाकदुवार गाउँमा भएको हो । गाउँमा लाहुर जाने चलन, लाहुरेको शानै बेग्लै । त्यसैले मलाई पनि लाहुरे हुन मन लाग्यो । म अंग्रेजी सम्वत १९६६ अक्टोवर १० मा बेलायती सेनामा भर्ति भएको हुँ । मलाई गाउँकै गल्लावाल हरिलाल पुनले पक्लिहवा, भैरहवाबाट भर्ति भिड्न ल्याएका थिए । तनक्क तन्काएर छाती नाप्न लगाएँ । त्यतिखेर म १५ वर्षको मात्र थिएँ, ओठ निचोर्दा दुध आउला जस्तो थियो त्यो उमेर । तर, लाहुरे हुनैका लागि १८ वर्षको उमेर लेखेँ ।

गाउँमा लाहुरेको हाईहाईले मलाई पनि लाहुर जान मन लागेको थियो । त्यसमाथि दाइहरू लाहुरबाट फर्कंदा गाउँलेले गरेको स्वागत सत्कारले म पनि लाहुरे बन्न हौसिएको थिएँ । म सोच्थें, 'आहा लाहुरे हुन पाए...' यस्तो सोच्दासोच्दै म लाहुरे भएँ ।

पक्लिहवाबाट हामी गाडीमा गयौं । साथीहरूलाई छाडेर लाहुर जानुपर्दा मन धरधरी रोएको थियो । सुरूमा त नजाऊँ कि जस्तो भएको थियो । तर, हामी गाडीमा थियौं, ओर्लने भाग्ने सम्भावना नै थिएन । त्यसैले लखरलखर गाडीमा चढेर हिँडियो । आफ्नो गाउँ छाडियो ।

म गाउँको खेति किसानीको छोरो, छातीमा जीएस(गोरखा सिग्नल)र नम्बर टाँसेर कलकता पुगेँ । अब म केसबहादुर होइन, छातीमा टाँसिएको नम्बरबाट चिनिन थालेँ । आफ्नो पहिचान त नम्बरमा पो परिणत भयो ।

म आफू गाउँले मान्छे, सुरूमा सहरको भीड-भाड अलि अनौठो लाग्यो । रेलबाट कलकता जानलाई रेल चढ्दा आफैँलाई अचम्भित पाएको थिएँ, छक छक छक रेलको गति बडो गजबको लाग्यो । कठै हामी त्यसबेला गाडीलाई सेकेन्ड हवाईजहाज भन्थ्यौं । पहिलोपटक गाडी चढेको नै पोखराबाट पक्लिहवाका लागि भैरहवा जाँदा हो । त्यतिखेर ४५ रूपियाँ गाडी भाडा तिरेको थियौं । घर छाडेको करिब २ महिनापछि रेल चढियो । रेलको त डब्बा-डब्बा छुट्दो रहेछ ।

म घरको 'साइला' गाउँको 'केसबहादुर' अर्थात 'केसे', पल्टनमा पुगेपछि 'पचासी'(८५) नम्बरको नामबाट चिनिन थालें । पहिले पहिले पचासी भनेर बोलाउँदा कसलाई बोलाएको भनेर वास्ता नै लाग्दैन थियो । कतिपटक त आफ्नो छातिमा टाँसेको नम्बरले बोलाउँदा सुरू-सुरूमा थाहा नभएर 'डीस' हेर्नु पर्थ्यो । धेरै पटक 'डीस' हेरेको थिएँ । नम्बर लगाउँदा केहो ? केहो ? जस्तो भा'को'थ्यो । पक्लिहवामा एक महिनासम्म तालिम भयो । यो एक महिने अभिमुखीकरण तालिम थियो । त्यस साल हामी १९ सय जना नेपालबाट भर्ति भएका थियौं ।

कलकताबाट मलेसियाको सुङगैपटानी गयौं । हामीलाई पेनाङ्बाट त्यता लगिएको थियो । मेरो औपचारिक पढाइ थिएन । मैले पढाईको नाममा अक्षर पनि तालिममा नै चिनेको हुँ । पछि नौ महिने तालिम सुङ्गैपटानीमा भयो । त्यहाँ ४५ मिनेटको 'लेक्चर'मा पढाइ गरेँ ।

दोश्रो विश्वयुद्ध त सकिएको थियो, तर पनि शीत युद्धकालीन अवस्था थियो । हामीलाई त्यही खालको तालिम दिइयो । मुख्यतः कसरी छल्ने, आफू नमर्ने, अरूलाई मार्ने हुन्थ्यो । लाहुरेको काम त त्यस्तो पनि हुँदोरहेछ । सुङ्गैपटानी मलेसियाको घनाजंगल क्षेत्र हो । त्यही नै नौ महिने तालिम भयो । त्यसैमा 'ब्वाई'को तालिम पनि हुन्थ्यो । तर, यो चाहिँ छुट्टै गरिन्थ्यो । त्यसपछि 'रंगरूट'मा आउँथ्यो । त्यो केन्द्र ब्रिटिसकै ठूलो तालिम केन्द्र थियो । त्यसपछि अरू-अरू आउँथे ।

मैले त्यतिको घना जंगल त्यस अगाडि कहिल्यै पनि देखेको थिइनँ । बडो डरलाग्दो थियो । विषालु किरा, फट्यांग्रा, सर्पको बिगबिगी थियो । जंगलको अवस्था त्रासदी पूर्ण थियो । तालिममा कडा मेहनत गर्नुपर्दा पल्टन छाडौं भैं लागेको थियो । खटाएर दिएको खाना खानु पर्ने । बढ्दो उमेरमा, कठै भोक धान्न धौ-धौ हुन्थ्यो ।



तालिमको दौरानमा गाउँघरमा चलाएको 'रोल' 'खुकुरी'को पनि खूब काम आएको थियो । हामीले जीपीएम, एसएलआर र एसएमजी चलाएका थियौं । पहिलोपटक आधुनिक हतियार छोएको नै एसएलआर हो ।

पहिलोपटक एसएलआर छुँदा, हतियार चलाउन नसकिने हो कि भनेर एकदम डर लागेको थियो । पछि, फायर गर्दा कुमको अगाडिको भाग उछिट्टिएको थियो । निक्कै दुःख्थ्यो । जीपीएमले त एकैचोटी १०/१२ जनालाई मार्न सक्थ्यो । तालिमको क्रममा, म सजायँको भागिदार बनेको छु । ४५ मिनेटको रोलकल भरी 'अप्टीकल'(नाला) भित्र बस्नुपर्दा धुरू-धुरू रोएँ पनि । अनि सम्झेँ, बेकारमा लाहुरे भएछु ।

तालिमपछिको अनुभूति भने अर्कै हुँदो रहेछ । आफूलाई 'क्वालिफाइड'( योग्य) भएको घोषित गरिन्छ । त्यतिखेर नै ग्रेड गर्छ । 'ए, बी, सी, डी र ई'मा त्यतिखेर 'ई'मा पर्नेहरूले पुनः तालिम लिनै पर्छ । तर, म सेलेक्ट भइ हालेँ । भर्ति हुँदा हाम्रो तलब ४५ मलेसियन रिंगेट थियो पछि तालिम सकिनासाथ

९० पुऱ्याएका थिए ।

लाहुरेको जीवनमा स्वाभाविकैले लडाईं जोडिएर आउँछ । तर, म चाहिँ घोषित लडाईंमा परिनँ । लडाईंको जोखिम भने लाहुरे जीवनभर सामना गर्नु पऱ्यो । शीतयुद्धको बेला कस्ले कतिखेर आक्रमण गर्छ भन्ने थाहै हुँदैनथ्यो । त्यसले गर्दा उच्च सतर्कताका साथ रहनु पर्थ्यो । हामीले दोश्रो विश्वयुद्धका हराएका लाहुरेहरूले मलेसियामा नै जीवनयापन गरेको एउटा गाउँसमेत भेटेका थियौं ।

पहिलो छुट्टी आउँदा म सिंगापुरमा सिग्नलमा थिएँ । त्यहाँबाट सात दिन सात रातको पानीजहाज यात्रापछि कलकत्ता आई पुगेँ । दोश्रो छुट्टीको बेला म गोर्खा सिग्नलबाट सेकेन्ड जीआरमा ट्रान्सफर भएको थिएँ ।

दोश्रो छुट्टी आउँदा गाउँकै तुलसा पुन(अर्नजा)सँग मेरो मागी विवाह भयो । पहिलो छुटीमा नै गरौं भन्ने लागेको थियो तर भ्याइएन । तेश्रो छुटीमा मात्र फेमिली लगेँ । विवाह गरेको तीन महिनामा नै श्रीमतीलाई छाडेर पल्टन फर्कें । 'तीनमहिनामा नै तीन वर्षका लागि छुटिनु पऱ्यो' भन्ने अमिलो महसुस गरेको थिएँ । मेरो अहिले एउटी छोरी मनु, ज्वाईं सुशील राना र दुई नाति छन् ।

मलेसियाबाट हाम्रो पल्टन हङकङ सरेको थियो । गोर्खा बटालियन सबै सरेको हो । त्यसकारण पनि हङकङ्मा चिनियाँ सेनाबाट सदा खतरा हुन्थ्यो । हङ्कङ्को बोर्डर साइडमा ज्यादै जोखिम थियो । चिनियाँ सेनासँग कुनै पनि बेला झडप हुने सम्भावना रहन्थ्यो ।

एकदिन सीमा सुरक्षाको लागि बसेको हाम्रो क्याम्पमा म सुतिरहेको थिएँ । ब्युँझदा चाइनिज सेनाको संगीनले घोप्दै थियो । अझै पनि मेरो दिमागमा त्यो घट्ना ताजै छ । उनीहरूले सिमाना छुन पनि दिँदैन थिए । सेक्यूरिटीमा बस्दा हामी राईफल कहिल्यै ठड्याँउदैन थियौं तर उनीहरू त हामीतिर तेर्स्याएर नै बोक्थे । यस्तै छिटफुट घट्ना(तर ज्यान जानसक्थ्यो)को सामना गरी रहनु पर्थ्यो ।

हङकङबाटै म सन् १९८१सालमा पेन्सन आएँ । बीचमा एक वर्ष लन्डन पनि बसेँ । १५ वर्षसम्म लाहुर बस्दा पनि घर भने बनाउन सकिएन । तीनवर्ष त्यतिकै बित्यो । र, त्यसपछि ब्रुनाईमा १० वर्ष नोकरी गरेँ । त्यसको कमाई हो, सामाखुसीको यो घर ।

हामी पेन्सन आउँदा २ सय ६० आईसी थियो । पछि बढ्दै ६ सय पुऱ्यायो । हामीलाई अन्यायमा पारेको महसुस भयो र समानताको लागि गेसो आन्दोलनमा लागेँ । म सन् १९९६देखि गेसो आन्दोलनमा छु । ब्रुनाईबाट फर्केपछि म गोर्खा भूतपूर्व सैनिक संघ(गेसो) आन्दोलनमा सक्रिय रूपमा सहभागी भइरहेको छु ।

मलाई लाग्छ, गेसो आन्दोलन सकिँदैन । समान सुविधा दिन्छ कि दिँदैन हेर्ने बाँकी छ । हाम्रो चार सुत्रीय माग छ । हामीले सिटिजनसिप मागेको हैन समान व्यवहार चाहेका हौं । तर, त्यसको बदलामा दिएको सेटलमेन्ट पनि उनीहरूकै स्वार्थमा छ । यसले उनीहरूले गोर्खाहरूको पैसा उतै थुपार्ने काम गर्दै छ । म त भन्छु, घर जग्गा बेचेर उतै नबस्नु नै राम्रो । पछि पनि यिनीहरूले धोका दिन्छन् । हाम्रो छोरा-छोरीलाई सेटल गरेर फर्कनु उचित छ ।

यो गोलाबारूदको लडाईं हैन । अधिकारको लडाईं, लड्दैछौं । यो अप्ठ्यारो र गाह्रो रहेछ । तर, अधिकार खोजे पाइने रहेछ । अधिकारको लागि आफैं मैदानमा उत्रनु, सवैलाई मेरो आग्रह छ । ❍




**विजया दशमी तथा दिपावली २०६६**

सालको पावन अवसरमा देश विदेशमा रहनुभएका
सम्पूर्ण भूतपूर्व गोरखा सैनिक दाजुभाइ तथा दिदीबहिनीहरूका
साथै समस्त देशवासीहरूको सुस्वास्थ्य,
समृद्धी एवं दिर्घायुको कामना गर्दछौं ।

**गोरखा भूतपूर्व सैनिक संघ (गेसो)**

**काठमाडौ जिल्ला समिति, काठमाडौं**

सभापति : डम्बरबहादुर लिम्बु
उपसभापति : श्रीप्रसाद राई
उपसभापति : बिना इङनाम राई
सचिव : इमानसिं राई
सहसचिव : योगेन्द्रकुमारी सुब्बा
कोषाध्यक्ष : नरेन्द्रबहादुर गुरूङ
सदस्यहरू :
जगबहादुर थापा
मनबहादुर रोका
जगवीर तामाङ
केशबहादुर पुन
प्रताप मल्ल
धनबहादुर गुरूङ
कुमबहादुर गुरूङ
भागिर गुरूङ
धनराज राई
हर्कुमान राई
तिलबहादुर कामी
सइन्द्र थापा
मधुन राई
अम्बरबहादुर घले
लालसुन्दर राई